CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBUVAN UNIVERSITY

VOL. 17, NO. 2
JULY 1990

## RESEARCH NOTE

# नेपाल-भूटान धार्मिक र सांस्कृतिक सम्बन्ध बढाउनमा स्वयम्भू चैत्य तथा गुम्वाको भूमिका

डिल्लीराज शर्मा
ने.ए.अ.केन्द्र, त्रि.वि.

**विषय प्रवेशः**

राजनैतिक सम्बन्धभन्दा सांस्कृतिक सम्बन्ध अझ प्रगाढ र दरिलो हुन्छ। सांस्कृतिक सम्बन्धबाटै एक देशको अन्य मूलुकसँगको राजनैतिक सम्बन्धको निर्धारण गरिन्छ। त्यसैले सांस्कृतिक सम्बन्ध बढी घनिष्ठ एवं विश्वासिलो भएर रहेको हुन्छ। नेपालको आफ्ना छिमेकी मूलुकहरूसँको सम्बन्धको प्रसंगमा सांस्कृतिक सम्बन्ध नै पहिलो पंक्तिमा आउँछ। यो सांस्कृतिक सम्बन्धको सुरूवात प्राचीनकाल देखि नै स्थापित भैसकेको थियो। सांस्कृतिक तथा धार्मिक सम्बधले नेपाल त्यसेवेला तिंब्बत, चीन, भारत तथा भूटानसँग एउटै सूत्रमा बाँधिएको थियो। धार्मिक अनुष्ठान, पूजा-आजा, देवी-देवता प्रतिको समान विश्वासको आदान प्रदानबाट यस्तो सम्बन्धको स्थापना गरिएको थियो। यसै क्रममा नेपाल र भूटानको धार्मिक सम्पर्क बढाउनमा महत्त्वपूर्ण योगदान दिने काठमाडौंको प्रसिद्ध स्वयम्भू चैत्यको महत्त्वबारे यस लेखमा प्रकाश पार्न प्रयास गरिएको छ।

**नेपाल-भूटान सम्बन्ध**

नेपाल र भूटानको धार्मिक सम्बन्ध बारे उल्लेख गर्दा यसको मूलमा रहेको बौद्ध धर्मको प्रभावबारे पनि उल्लेख गर्नु आवश्यक छ। भूटानमा बौद्धधर्मको प्रवेश सातौं आठौं ई. शताब्दिताका भएको थियो। बौद्धधर्म नेपालबाट तिब्बत र तिब्बतबाट भूटानमा पुगेको थियो। नेपाल यसको मूलकेन्द्रको रूपमारहेको हुनाले नेपालका बौद्ध तीर्थस्थलहरूले ठूलो सम्मान र महत्त्व पाएका थिए। स्वयम्भू, बौधनाथ स्तूपका साथै यस वरिपर रहेका बिहारहरू यस दृष्टिकोणले महत्त्वपूर्ण छन्। यी स्तूप तथा चैत्य र बिहार तथा घ्याङको मरम्मत संभार सम्बन्धी व्यवस्थाले बौद्धधर्म प्रतिको समान आस्थालाई यहाँ स्पष्ट पारेको देखिन्छ।

यसको साथै नेपाल र भूटान सम्बन्धको चर्चा गर्दा केही प्राचीन साहित्यीक स्रोतमा उल्लेखित कुरालाई पनि यहाँ समावेश गर्न सकिन्छ। जस्तो गोपाल वंशावलीकारले वलदेव पछिका राजा शंकरदेवको बारेमा लेख्दा 'भोटान्त पर्यन्तं निष्कटक राज्यं करोती[1] भन्ने

उल्लेख गरेको हुनाले यीनको राज्यविस्तार भूटानसम्म फैलिएको थियो भन्ने देखिन्छ। तर यसलाई पुष्टि गर्ने अरू प्रमाणहरूको आवश्यकता भने रहेकै छ।

भूटानमा स्यावदुङ नावाङ नामगेलले (सन् १६१६-१६५२) धर्मराजाको रूपमा शासन गर्न थाले, देखिनै भूटानको विदेशसँगको सम्बन्ध विस्तार हुँदै आयो। नावाङ नामगेलले अरू देशहरूसँगै नेपालसँग पनि सम्बन्ध सपना गरेको देखिन्छ। यिनी त्यसवेला गोरखा आएर राजा राम शाहसँग भेट गरेका थिए। यिनले काठमाडौंको मल्ल राजा तथा दक्षिण र पश्चिमका सेन राजाहरूसँग पनि सम्पर्क कायम गरेका थिए। आफ्नो पालामा मगर, गुरूङ, किँराती, नेवार तथा खसहरूलाई यिनले भूटान ल्याई त्यहाँको मैदानी भागमा वसोवास गराएका थिए भनिन्छ। केही समयपछितिरको एक पत्रमा 'अघि श्री ५ महाराजा रामशाहका पालादेखि गोर्खा र धर्मा दुई दुध र पानी मिसाया जस्तो दोस्ती[२] भन्ने उल्लेख भएकाले रामशाहसँग सम्बन्ध कायम गर्ने भूटानी राजा स्यावदङ नामगेले नै रहेको हुनुपर्छ। राजा रामशाहले त्यही दोस्ती कायम राख्न धर्माका लामालाई पूर्वतिरका ६ गुम्वा दिएको कुराको पनि यसै पत्रमा उल्लेख छ। यी ६ गुम्वाका सबै नाम त प्राप्त छैनन् तर त्यस पत्रमा एउटा 'पाते गुम्बा'को भने उल्लेख गरिएको छ।[३]

सन् १६३६-१७०८ ई. (वि.सं. १६९३-१७६५)को बीचमा जार्चेन चोस्जे दामचो पैडकर लामाले नेपालमा आई भूटानी गुम्बा स्थापना गरेको उल्लेख पनि पाइन्छ। त्यसैताका नेपालका राजार मन्त्रीले स्वयम्भू र बोधनाथमा भूटानीहरूलाई धार्मिक मामलामा स्वायत्तता प्रदान गरेका थिए।[४]

राजा नरभूपाल शाहको समयमा भूटानसँगको सम्बन्ध अझै दरिलो हुन गयो। नरभूपाल शाहले वि.सं. १७९८ मा एउटा ताम्रपत्र गरिदिई गोर्खाको नक्थली गुम्बा लोपा लामालाई र छोङ लामालाई चुमावन, घेलीङ, चुमेगाउँ र गोथान दान गरेको उल्लेख पाइन्छ।[५] भनिन्छ, नरभूपाल शाहको सन्तान नहुँदा भूटानी लामा (लोपा लामा)का आशिर्वाद पाए पछि पृथ्वी नारायण शाहको जन्म भएको थियो। यसैबाट प्रभावित भई नरभूपाल शाहले भूटानी लामालाई माथि उल्लेखित ५ गुम्बाहरू दान गरेका थिए। फेरी अर्को थरिको वर्णन अनुसार नरभूपाल शाहको पालामा केरूङ र झुंगाको दो सौंधमा भोट फौजले गोर्खाली फौजलाई घेरी राखेको बेलामा भूटानी लामाले सन्धि गराई दिएकाले नरभूपाल शाहले त्यसको गुनवापत भूटानका लामालाई नकथली र पुंझो गाउँका जग्गा दिएका थिए।[५] यी गाउँहरूपछितिर थपि दिएता पनि अगाडि नै यहाँ गुम्वाहरू भूटानी लामाको अधिकारमा रहेको देखिन्छ। पछि पृथ्वीनारायण शाहले आफ्नो एकीकरण अभियान पश्चात लोपा लामालाई स्वयम्भूनाथ मन्दिर र त्यसको २० गाउँ गुठीका साथै आफूले विजय गरेको क्षेत्रभित्रको १२ घ्याङ गुम्बा र गुठी समेत प्रदान गरेको उल्लेख पनि पाईन्छ।[६] तर यी १२ घ्याङ गुम्बामा कुन कुन पर्दथे भन्ने कुराको उल्लेख भने पाइएको छैन।

रणबहादुर शाहको पालामा पनि यो सम्बन्ध निकट एवं घनिष्ठ रह्यो। रणबहादुर शाह कहाँ भूटानी लामाले भेट गरी "हजुरको हजुरबुबा (अर्थात पृथ्वीनारायण शाह) देवाधर्मको आशिर्वाद पाएर जन्मनु भएको थियो" भन्ने कुरा दर्शाई नरभूपाल शाहले

गरिदिएको लालमोहर समेत देखाई दिंदा रणबहादुर शाह अतिनै प्रसन्न भएका र त्यसैबेला उनले देवाधर्मलाई नेवाल २० खेत पहाड तर्फको १५।२० गाउँ दिई बक्स विर्ताको लालमोहर गरिदिएको कुरा पनि देवमाला वंशावलीमा छ।[७] यी गाउँको सम्पूर्ण आयस्रोतले हाल स्वयम्भू चैत्य देखि पश्चिमतिर रहेको गुम्बाको निर्माण गरिएको थियो।[८]

श्री ५ गिर्वाणयुद्ध विक्रमको पालामा वि.सं. १८५८ मा ६ गुम्वाहरू भूटानका देवाधर्मलाई प्रदान गरेको उल्लेख पाइन्छ। यी ६ गुम्वाहरूमा पुंडि गुम्वा, वालथली गुम्वा, नागन्या गुम्वा, लिस्याखु गुम्वा, चरिकोट गुम्बा, र छुमाने गुम्वा थिए।[९] केही लेखकहरूले वि.सं. १८४५ तिर सिक्किम र नेपालका बीच लडाई पर्दा भूटानले सिकिकमको सहयोग गरेको हुनाले त्यसैको विरोधमा नेपालले अधिकांश गुम्वाहरूमा भूटानको अधिकार खोसेको उल्लेख गरेका छन्।[१०] उनीहरूका अनुसार त्यसपछि ६ गुम्वाहरूमा मात्र भूटानको अधिकार रहन गयो। तर वंशावलीमा भने अर्कै प्रसंगको उल्लेख गरिएको छ। त्यस अनुसार वि.सं. १९११ मा नेपाल र भोटको लडाई पर्दा देवाधर्मका लामाले गुम्वामा रहेका भिक्षुहरू पठाई भोटलाई मद्दत दिएको हुनाले रणबहादुर शाहको पालामा प्रदान गरिएको ५०० उठ्तीको जग्गा छाडेर अरू रैकरमा परिणत गरियो।[११] यो कुरा वि.सं. १९१९ को सुरेन्द्र विक्रम शाहको एउटा लालमोहरबाट पनि प्रमाणित हुन्छ। साथै त्यस लालमोहरमा वि.सं. १९१२ मा रैकर लागेको जग्गा मध्ये स्वयम्भू, नकथली घ्याङ, र हाकु, कल्यारी, किमडोल यति जग्गा पुनः बहाल गरिएको उल्लेख छ।[१२] यसबाट देवमाला वंशावलीमा जो 'रैकरमा परिणत भएको' भन्ने उल्लेख छ, त्यो पछि आएर सुस्त सुस्त फुकुवा हुँदै गएको थियो भन्ने कुरालई यस पत्रले स्पष्ट पारेको छ। यस्तै सन् १८६३ ई (वि.सं. १९२०)मा भूटानका तत्कालिन देवराजा, मागुर प्रान्तका पेनलप उर्गेन दोर्जी आदि सहितको प्रतिनिधि मण्डल प्रधानमन्त्री जङ्गबहादुरसँग भेट गरी भूटानमा आफ्नो लागि चाहिने गोली गठ्ठा, बन्दूक लिई फर्केका थिए।[१३] यसरी एक पटक क्षीण हुँदै गएको धार्मिक सम्बन्ध पुनः प्रगाढ हुन थाले पछि यस्ता सम्बन्धमा गाँसिएका मुलुकहरूले आ-आफ्ना प्रतिनिधि मण्डल मार्फत विभिन्न सरसौगातहरू बेला मौकामा पठाउने गर्दथे। यो क्रम श्री ३ वीर सम्शेरको पालसम्म यथावत् रहेको थियो। यो कुरा एउटा पछिको पत्रबाट पनि स्पष्ट हुन्छ।[१४] वि.सं. १९६४को पत्रमा स्वयम्भू, किमडोल, हाकुचा, नागाथली र डाँडा गाउँ घ्याङको उल्लेख छ।[१५] यस्तै वि.सं. १९६५ को अर्को पत्रमा स्वयम्भू, किमडोल नगथली, थोङमोन, हाकुघ्याङ र डाँडा गाउँको उल्लेख पाइन्छ।[१६] यस प्रकार पछि सम्म पनि नेपालका यी गुम्वाहरूमा भूटानीहरूको धार्मिक अधिकार रहेको देखिन्छ। वि.सं. १९७२ सम्म माथिको समेत जम्मा १६ वटा गुम्वाहरू देवाधर्मको अधीनमा भएका देखिन्छन्।[१७] तर यसमा ती गुम्वाहरूको नाम भने उल्लेख गरिएको छैन। यसबाट नेपालका ती गुम्वाहरूमा भूटानी लामाहरूले पूजा-आजा गर्ने तथा तिनको आयस्रोतमा भूटानका धर्म राजाको पूर्ण अधिकार भएकोबाट यस्तो सम्बन्धले पछिसम्म पनि दुई देशबिच सांस्कृतिक एवं धार्मिक संबन्धमा व्यापक स्थान लिएको देखिन्छ।

## स्वयम्भू चैत्यको पुनः निर्माण

वि.सं. १९६४ मा स्वयम्भू चैत्यमा आगलागी भयो। १९६४ आश्विन २८ गते भूटानका काजी उर्गमान सिक्किम गएको बेलामा त्यहाँ २ व्यक्तिहरू छेनलीमा लामा र उईक नागेलले भेट गरी भूटानका देवाधर्मसँग सहमती पाए अनुसार स्वयम्भूको जिर्णेद्वारको लागि नेपालबाट अनुमति पाउनको लागि पत्र पठाएका थिए। त्यसमा अरू जम्मै सहयोग सिकिकमले गर्ने तर पुजारीको खर्च भने भूटानले ब्यहोर्ने ब्यहोरा उल्लेख गरिएको थियो। तर साविक पुजारीले चाहिं सिक्किमलाई सो गुम्वाको पुनःनिर्माण गर्न नदिने खिचोला गरे। त्यसको सट्टा बरू पूर्ण रूपमा बनाउन सो गुम्वा भूटानलाई नै जिम्मा दिने भन्ने विन्ती पत्र श्री ३ मा चढाएका थिए।[१८] फलस्वरूप सिक्किमले आर्थिक सहयोग मात्र गर्ने निर्णय भए अनुसार सिक्किमले यसमा ७०००।- रूपियाँको सहयोग गरेको थियो। भोटलेपनि यस जीर्णोद्वार कार्यमा सहयोग गरेको थियो। पछि भूटानलाई भोटु पाण्डले एउटा पत्र पठाई चन्दाको लागि अनुरोध गरेका थिए। भूटानका राजा उर्ग्येन वाङचुकले यो पत्र पाउँदा खुशी भई चनदा संकलन गरी स्वयम्भू चैत्यको पुनः निर्माण कार्यको रेखदेख गर्न सेराव दोर्जेलाई प्रतिनिधिको रूपमा नेपाल पठाएका थिए। यसको लागि भूटानबाट राजा स्वयंले भा. रू. ४०,०००।- सैराव दोर्जेले १५,०००।- डुक्पालामाका आफन्तहरूले १०,०००।- र डुक्पालामाका शिष्यहरूले १०,०००।- र अरू चन्दा गरी जम्मा ८५,०००।-रूपियाँ संकलन गरी पठाईदिएका थिए।[१९] यसप्रकार यस जीर्णोद्वारको काम वि.सं. १९७५मा आएर मात्र समाप्त भएको थियो।[२०]

## स्वयम्भू घ्याङ र त्यसको पूजारी

स्वयम्भू स्तूपको पश्चिमी भागमा अवस्थित स्वयम्भू घ्याङले भूटानसँगको धार्मिक सम्बन्धमा ठूलो महत्त्व राखेको छ। यस गुम्वाको निर्माण वि.सं. १८५० (ने.सं. ९१३)को लगभगमा भएको थियो। यसको निर्माणको भण्डै ११५ वर्ष पछि यो भत्कन गयो।[२१] वि.सं. १९६५ (ने.सं. १०२८) मा श्री ३ चन्द्रसंसेरकी महारानी संग मीत लगाउन भनी सिक्किमका राजा तासी नामगेल र रानी यहाँ आएका थिए। यिनले यो घ्याङको दूरावस्था देखी यसको जिर्णोद्वारका लागि ९००।- रूपैयाँ र ४ तोला सुन दिएका थिए। तर त्यसबेलाको घ्याङको पुजारी छोईसी नामगेलले सो संपूर्ण रूपियाँ र सुन मासेर खाएको हुनाले त्यसको उजुर पर्दा सिक्किम र नेपाल सरकारको तर्फबाट बुझ्न पठाइयो। त्यसमा छोईसी नामगेल कै कसूर देखिएको हुनाले उनी थुनामा परेको कुराको उल्लेख केही समय पछिको एउटा पत्रमा पाइन्छ।[२२] वि.सं. १९६६ मा घ्याङको जिर्णोद्वार समाप्त भएको थियो। यो घ्याङ (गुम्बा)मा नेपाली र तिव्वती कला शैलीको समन्वयात्मक छाप अंकित गरेको पाइन्छ।

नेपालमा रहेका भूटानी गुम्बा (घ्याङ) हरूमा सवैभन्दा बढि महत्व स्वयम्भू घ्याङको देखिन्छ। यसको महत्वको उल्लेख विभिन्न कागज पत्रमा पाइन्छ। स्वयम्भू घ्याङको पूजा-आजाको जिम्मा भूटान (देवाधर्म) लाई प्रदान गरिएको थियो ता पनि घ्याङको पुजा आजा चलाउने, त्यसको हिसाव राख्ने पुजारीको नियुक्ति भुटान र नेपाल सरकार

संयुक्त भई गर्दथे। पुजारी हुनको लागि तन्त्रशास्त्रमा पारंगत लामा हुनु पर्दथ्यो। यस्ता लामा या त भूटानबाट ल्याइएका हुन्थे अथवा नेपालमै वसोवास गरेका पनि हुन पाउँथे। स्वयम्भू घ्याङको पुजारी हुन चाहने पुजारीहरूले एक अर्कालाई आरोप प्रत्यारोप लगाई नेपाल सरकार तथा भूटान सरकार समक्ष उजुर गर्ने गर्थे। यस प्रकारको हानथाप त्यसबेला प्रसस्त हुने गर्थ्यो। स्वयम्भू घ्याङको पूजारी हुनलाई यति ज्यादा हानथाप हुनुको कारण स्वयम्भू घ्याङको अरू घ्याङ भन्दा धेरै आय श्रोत भएको हुनाले पनि हो। साथै यो घ्याङ राजधानीमै अवस्थित भएकोले पनि यसको महत्त्व थियो। येनतेन ग्याम छो र चिनीया लामा बीच यस विषयमा त्यसबेला ठूलो आरोप प्रत्यारोप चलेको थियो। यसको साथै अरू लामाहरूले पनि चिनियाँ लामाका परिवारको विरूद्धमा विन्तिपत्र पारेका थिए। तत्कालीन कागजपत्रहरूले यस्ता धेरै कुराहरूको जानकारी खुलाएका छन्। वि.सं. १९४० तिर सो घ्याङको पुजारीको रूपमा येनतेन ग्यामछो लामा थिए। तर येनतेन ग्याम छोले त्यहाँ हिसाव गोलमाल गरेको, मालताल वेपत्ता पारेको र घ्याङ विग्रे भत्केकोमा पनि लापर्वाही गरेको हुनाले उनलाई वर्खास्त गरियो। उनको ठाउँ बोद्ध बस्ने चिनीयाँ लामा रत्नबज्रले प्राप्त गरे।[२३] तर वि.सं. १९६५ बैशाखमा चन्द्र संशेरले चिनियाँ लामा बुद्धबज्र लामालाई 'अब देखि तिमलि सो घ्याङको मालमत्ता बुझेर पूजा आजा चलाउने काम गर' भनी सनद गरीदिएको देखिन्छ।[२४] यसबाट रत्नबज्र र वुधबज्र दुवै वावु छोरालाई सामुन्नेमा राखेर कागज गरीदिएको स्पष्ट छ। वि.सं. १९६९को पत्रमा यस कुराको उल्लेख पनि पाइन्छ। यसमा भूटानका एजेन्ट-राजा उर्गेन दोर्जीले चिनियाँ लामा बुद्धवज्रका बाबु छोरा समक्ष लेखिएको चिठ्ठीमा स्यम्भूको सेर्मा उठ्ती उठाउनेबाट प्रत्येक साल ७५०।- नेपाली महेन्द्रमल्ली उर्गेन दोर्जी मार्फत चिनियाँ लामाका वावुछोराले देवाधर्ममा चढाउने कुराको उल्लेख छ।[२५] पत्रमा यो पनि उल्लेख हुन आएको छ कि त्यसबेला स्वयम्भू घ्याङको पुजारीको पद पाउन देवाधर्म मा प्रशस्त विन्तिहरू चढाउने गरिन्थे। त्यसैले यस विन्ति पत्रमा देवाधर्मा सरकारमा जो सुकै लामाले विन्ति गरेपनि 'अब देखि देवाधर्मले सुनीबक्सने छैन' भन्ने उल्लेख परेको छ। वि.सं. १९७१ आश्विन २० गतेको एउटा पत्रमा बुद्ध बज्र लामाले देवाधर्मलाई स्वयमभू घ्याङ गुठीको आम्दानी जम्मा ३७५।०४ पैसा बुझाएको उल्लेख पनि छ।[२६]

पछि चिनियाँ लामा बुद्ध बज्रको विरूद्धमा प्रशस्त विन्तिपत्रहरू पर्नथाले। येनतेन ग्याम्छोका छोराहरू यस कार्यमा अगाडि थिए। यसवाहेक अरू लामाहरू पनि यसमा शामेल थिए। वि.सं. १९७२ श्रावण महिनाको पत्रमा विरेलामाले गुन्जलामाको विरूद्धमा दिएको मुद्दामा स्वयमभूका पुजारी गुन्जलामाले स्वयम्भूको संपत्ति हिनामिना गरेको उल्लेख छ। तर त्यसमा बुद्धवज्रले स्वयं 'पुजारीको रूपमा मै छु भन्ने स्पष्टीकरण दिनुपरेको' र त्यसको छानबिन गर्न जाँच अदालत बाट 'बुद्धवज्र पुजारीको रूपमा कहिले देखि छन्? निजको सनद छ छैन? भएमा तुरून्त पठाउनु' भन्ने गुठी लगतलाई लेखेको पत्र[२७] पनि यस परिप्रेक्षमा महत्वपूर्ण छ। येन तेन ग्याम छोका छोरा छोईसी नामगेलले वि.सं. १९७२ माघमा श्री ३ माहाराज समक्ष बुद्धवज्रको विरूद्धमा एउटा लामो विन्तिपत्र पारे।[२८] यस विन्तिपत्रमा

उनले आफ्नो बाबुको पालादेखि नै पाएको सनदको उल्लेख गर्दै स्वयम्भू घ्याङ्को पुजामा आफ्नो पूर्ण हक भएको दावी गरेका छन्। यो विन्तिपत्र परेपछि श्री ३ महाराजबाट सो सम्बन्धी कुरो बुझी जाहेर गर्नु भन्ने तोक समेत भयो। यो कुरा थाहाँपाएपछि छोईसी नामगेलको विरूद्धमा पालचोक घ्याङ्को लामा रीङा चुम्बा लामाले श्री ३ समक्ष वि.सं. १९७३ बैशाखमा अर्को विन्तिपत्र पारे।[२९] यसपत्रमा छोईसी नागेलले सीक्किमका राजाबाट स्वयम्भू घ्याङ् जिर्णोद्धारका लागि प्रदान गरिएको ९००।- रूपैया र ४ तोला सुन मासेर खाएको आरोप छ। अन्तमा रीङा चुम्बा लामाले आफूलाई स्वयम्भू घ्याङ्को पुजारीमा नियुक्त गरि पाउन अनुरोध समेत गरेका छन्। वि.सं. १९७८ मा बुद्धबज्र लामाको मृत्यु भएको हुनाले त्यसको सम्पूर्ण कारोवार उनकै छोरा पुण्यबज्र लामाले सम्हाले। यसको १ वर्षपछि वि.सं. १९७९ फाल्गुणमा देवाधर्मका राजा उर्गेन वाङचुकलाई श्री ३ महाराजाका तर्फबाट लेखेको पत्रमा 'पुण्यबज्र लामाले घ्याङको पुजा-आजा राम्रैसँग गर्न सक्ने हुनोले अर्को लामा पठाउनें काम नगर्नु' भन्ने स्पष्ट उल्लेख गरिएको छ।[३०] यसपछि पुण्यवज्र पुजारीको रूपमा रहेतापनि उनको विरूद्धमा पनि उजुरी र विन्ति पत्र चढाउने काम यथावत नै रहेको थियो। वि.सं. १९८० मा सोकू लामाले पुण्यबज्रका नाउँमा ज्यादंती गरेको उजुरी गरे। यसबारे छानविन हुँदा उजुरवालाको मुखैको कुरामात्र हुनाले अब उप्रान्तलाई धर्मको काम हुनाले पुण्यवज्रले पनि 'राम्रा हिसाव सँग पूजा चलाउने' भन्ने उल्लेख परेको छ।[३१] यसबाट स्वयम्भू घ्याङको पुजारीको सम्बन्धमा अरूलाई निकै आरोप प्रत्यारोप लगाएर सो पदमा आफूलाई आसीन गराउन खोज्ने परम्परा त्यसबेला प्रसस्त रहेको पाइन्छ। त्यसबेला स्वयम्भू घ्याङको पूजारी हुन पाउनु महत्त्वको कुरा भएको हुनाले नै लामाहरू बीच यस किसिमको प्रतिस्पर्धा चलेको थियो। जे होस् यस कुराले नपाल र भूटानको मैत्री संबन्धलाई भने असर पारेको थिएन यसको विपरित दुवै देशको पत्राचार तथा कोशेली बोकेर जाने टोलीहरू मार्फत सुनिश्चित धार्मिक सम्पर्कले अझ प्रगाढ हुने मौका पाएको थियो भन्न सकिन्छ।

## टिप्पणी

१. Dhsnabajra Bajracharya and Kamal Prakash Malla (ed) *The Gopal Raj Vamsavali* Katmandu, Nepal Reserch Centre 1985 pp 226

२. विपिन देव ढुंगेल "भारतको पूर्वाञ्चल क्षेत्रमा नेपालीहरूको इतिहास" *हिमालचुली* वर्ष २१. अंक ३५ (वि.सं. २०४० पृ. ३)

३. *ज्ञामणी नेपाल- नेपाल भोट चीन सम्बन्धका केही सांस्कृतिक पक्ष*, काठमाडौं, नेपाल राजकिय प्रज्ञाप्रतिष्ठान, २०४५ (परिशिष्ट २) पृ १३६।

४. सोही पृ १३६।

५. Lapan Nado. "a Short note on bhutan and the Bhutanese" *Kailash* vol V no. II (1977) p. 95

६. Alexander W. Macdonald. "A Nepalese Copperplate from the time of Prithivi Narayan's Father" *Kailash* Vol I no. I (1971) p. 291.
७. दिनेशराज पन्त- *गोरखाको इतिहास* (पहिलो भाग) काठमाडौं, दिनेशराज पन्त वट्, २०४१, पृ. २४४।
८. विपिन देव ढुंगेल "भारतको पूर्वाञ्चल क्षेत्रमा नेपालीहरूको इतिहास" *हिमाचुली* वर्ष २१ अंक (वि.सं. २०४०) ३६(४) पृ. ३
९. योगी नरहरी नाथ (सं.) *देवमाला वंशावली* काठमाडौं क्षीप्रनाथ योगी मृगस्थली, २०१३ पृ.२०
१०. हेमराज शाक्य *श्री स्वयम्भू माहाचैच्य* काठमाडौं, स्वयम्भू विकास मण्डल ने.सं. १०९८ पृ. २६८
११. ज्ञानमणी नेपाल पुर्ववत् (परिशिष्ट १)
१२. J.C. White *Sikkim and Bhutan* New Delhi: Vivek Publishing house. 1971, p. 291.
१३. योगी नरहरी नाथ (सं.) पूर्ववत् पृ. २१
१४. रमेश ढुंगेल "नेपाल भूटान सम्बन्धलाई प्रकाश पार्ने थप सामग्री" *आर्थिक नेपाल* वर्ष ४ (ई जन, १९८६) पृ. १२
१५. विपिन देव ढुंगेल - पूर्ववत् पृ. ३.
१६. परराष्ट्र मन्त्रालयमा स्वयम्भू पोकामा रहेको १९७३ वैशाख १ गतेको अप्रकाशित पत्र।
१७. परराष्ट्र मन्त्रालयको स्वयम्भू पोकामा रहेको पत्र। यो पत्रको नक्कल शुशिला मानन्धर सँग छ।
१८. परराष्ट्र मन्त्रालयको स्वयम्भू पोकामा रहेको संवत १९६५ को अप्रकाशित पत्र
१९. टिप्पणी संख्या १४
२०. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको पत्र, यो पत्रको नक्कल शुशिला मानन्धर सँग छ।
२१. हेमराज शाक्य पूर्ववत् पृ. ३१८
२२. सोही पृष्ठ ३१८।
२३. सोही पृष्ठ ५२२।
२४. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको, संवत १९७३ साल वैसाख १७ गतेको अप्रकाशित विन्ती पत्र।
२५. टिप्पणी नं. १६
२६. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको संवत १९६५ वैसाखको अप्रकाशित पत्र।
२७. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको स.वत १९६४ फागुन १५ को अप्रकाशित पत्र।
२८. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको अप्रकाशित पत्र।

२९. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको संवत १९७२ साल श्रावण १८ को अप्रकाशित पूर्जी।

३०. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको अप्रकाशित विन्ती पत्र।

३१. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको अप्रकाशित विन्ती पत्र।

३२. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको अप्रकाशित पत्र।

३३. परराष्ट्र मन्त्रालय स्वयम्भू पोकामा रहेको संवत १९८० को अप्रकाशित टिपोट।